# महाशिला गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## बालाकोट, पर्वत

गण्डकी प्रदेश, नेपाल ।

*प.सं. ०७५।०७६*
*च.नं.*

**विषयः आ.व. २०७५/०७६ को लागि आन्तरिक आय असुली गर्ने सन्दर्भमा पूर्वाधार उपयोग अन्तर्गत सडक सेवा शुल्क संकलन गर्ने शिलबन्दी दरभाउ पत्र आह्वान गर्ने सम्बन्धी पुनः ७ (सात) दिने सूचना**

पुनः प्रकाशित मितिः २०७५।०६।०३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(२) मा भएको व्यवस्था वमोजिम यस महाशिला गाउँपालिकाको क्षेत्र भित्र रहेका गाउँपालिकाले निर्माण गरेका तपसिलको सडकको सडक सेवा शुल्क संकलन गर्न पुनः दोश्रो पटक यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशन भएको मितिले ७ औं दिन कार्यालय समय भित्र तपसिलमा उल्लेख गरे बमोजिमको शर्तहरु पालना गर्ने गरी पछिल्लो आ.व.सम्मको नवीकरण भएको फर्म वा कम्पनिको इजाजतपत्रको प्रमाणित प्रतिलिपिहरु वा महाशिला गाउँपालिकाबाट लिएको इजाजत फर्मका कागजातहरु संलग्न राखि इच्छुक फर्म वा कम्पनिहरुबाट वा निजको प्रतिनिधिले यस कार्यालयमा कार्यालय समय भित्र रित पूर्वक निवेदन दिई यस कार्यालयबाट शिलबन्दि दरभाउ फाराम खरीद गर्न सकिनेछ। शिलबन्दि दरभाउ पत्र फाराम खरिदको लागि फिर्ता नहुने गरी रु. १०००।- दस्तुर तिरी दरभाउ पत्र फाराम खरीद गर्न सकिनेछ। ठेक्का प्रक्रिया सम्बन्धी बिषयमा यस सूचनामा उल्लेख भएका विषयमा यसै वमोजिम र अन्य बिषयमा प्रचलित ऐन, नियम वमोजिम हुनेछ।

**ठेक्का सम्बन्धी विवरण (शिलबन्दी दरभाउ पत्र)**

| ठेक्काको कोड | ठेक्काको नाम | उठाउनु पर्ने क्षेत्र | आ.व. २०७५।०७६ मा भ्याट बाहेक प्रस्तावित रु |
|---|---|---|---|
| १/२०७५/७६ | सुभद्रीखर्क तथा अगाहाबाट महाशिला क्षेत्र तर्फ अगाडि बढ्ने सडक | सूभद्रीखर्क तथा अगाहाबाट महाशिला तर्फ प्रवेश | १,१२,५०० |
| २/२०७५/७६ | दुक्तान हुँदै लुंखुदेउराली भएर अगाडि बढ्ने सडक | दुक्तानबाट लुंखुदेउराली तर्फ प्रवेश, | ४,००,००० |
| | भोर्ले शेराबाट महाशिला क्षेत्र तर्फ अगाडि बढ्ने सडक | भोर्ले शेराबाट वडा नं. ४ तर्फ प्रवेश | |
| | टुंकुधाराबाट लाम्तुन तर्फ प्रवेश गर्ने सडक | टुंकुधाराबाट लाम्तुन तर्फ प्रवेश, | |
| | मल्काबाङ्गबाट महाशिला तर्फ प्रवेश गर्ने सडक | मल्काबाङ्गबाट महाशिला तर्फ प्रवेश, | |
| | घण्टेदेउरालीबाट महाशिला ( फलामखानी) क्षेत्र तर्फ प्रवेश गर्ने सडक | घण्टेदेउरालीबाट महाशिला वडा नं. ६ तर्फ प्रवेश | |
| | ठानामौलाबाट महाशिला (फलामखानी) तर्फ प्रवेश गर्ने सडक | ठानामौलाबाट महाशिला वडा नं. ६ तर्फ प्रवेश | |
| | सित्लेबाट महाशिला वडा नं. ३ तर्फ प्रवेश गर्ने सडक | सित्लेबाट महाशिला वडा नं. ३ तर्फ प्रवेश | |
| | दाङसिङबाट सिम्ले तर्फ प्रवेश गर्ने सडक | दाङसिङबाट सिम्ले तर्फ प्रवेश, | |
| | हाँडिखर्कबाट महाशिला वडा नं. ३ तर्फ प्रवेश गर्ने सडक | हाँडिखर्कबाट महाशिला वडा नं. ३ तर्फ प्रवेश, | |

**ठेक्कासम्बन्धी शर्तहरु**

१. शिलबन्दी दरभाउ पत्र पेश गर्दा आयकर दर्ता प्रमाण पत्र, मूल्यअभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्र, आ.व. ०७३/०७४ को मूल्य अभिबृद्धि कर चुक्ताको प्रमाण पत्र आदि प्रमाणित कागजातहरु पेश गरेको हुनुपर्ने छ । आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको ने.वै.लि.कुश्मामा रहेको धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा नगद वा नेपाल सरकारवाट मान्यताप्राप्त बैंकको ठेक्का अवधिभरको बैंक ग्यारेण्टी (Bank guarantee) जमानत पेश गर्नुपर्नेछ ।

२. शिलबन्दि पत्रमा आफुले कवोल गरेको रकम अंक र अक्षरमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षर लेखिएकोलाई मान्यता दिइनेछ ।

३. ठेक्काको रकम निम्नानुसार बुझाउनु पर्नेछ ।

| पहिलो किस्ता | दोश्रो किस्ता | तेश्रो किस्ता |
|---|---|---|
| शिलबन्दि पत्र स्वीकृत भएको जानकारी पाएको ७ दिन भित्र सम्झौता गर्दाको बखत कवोल अंकको ४०%, | मंशिर मसान्त भित्र ३०%, | चैत्र मसान्त भित्र ३०%, |

माथि उल्लेख भए वमोजिमको समयावधी भित्र किस्ता नबुझाएमा १०% हर्जाना रकम सहित सहित वैंक ग्यारेण्टी वा धरौटी रकमबाट असूल गरिनेछ । समयमा रकम भक्तानी नगर्नेहरुलाई ठेक्का तोडि पूरा रकम बैंक ग्यारेण्टीबाट असूली गरी बाँकी अवधिको लागि पुनः कार्यालयले अर्को व्यवस्था समेत गर्न सक्नेछ । महाशिला गाउँपालिकामार्फत फर्म दर्ता भएका संस्थाहरुले जग्गा धितो रोक्का राख्न सक्नेछन् ।

४. ठेक्का सम्बन्धमा ठेकेदार र कार्यालय वीच कुनै विवाद पर्न आएमा त्यस्तो विवादको निर्णय गाउँ कार्यपालिकाको कार्यालयले गर्नेछ । सो निर्णय अन्तिम हुनेछ ।

६. कर संकलन गर्दा राजश्व परामर्श समितिको सिफारिस, गाउँकार्यपालिकाको निर्णय तथा गाउँसभाबाट स्विकृत दर रेट अनुसार उठाउनु पर्नेछ । प्रचलित कानून, परिपत्र र तोकिएको व्यवस्था वमोजिम कार्यान्वयन भए नभएको अनुगमन गर्नेछ । अनुगमन गर्दा पाइएका सुझाव, निर्देशन ठेक्का अवधिभर पालना गर्नु पर्नेछ । दर रेट बस प्रवेश गर्दा रु १५०।, ट्रक प्रवेश गर्दा रु १५०।, ट्याक्टर प्रवेश गर्दा रु २५०।, जिप प्रवेश गर्दा रु १००।, डोजर/स्काभेटर/भ्याकु लगायतका साधन प्रवेश गर्दा रु १०००। का दरले असूली गर्नुपर्नेछ ।

७. सडक निर्माण गर्ने वा बिद्युत उत्पादनको कार्य सञ्चालन गर्ने वा अन्य पूर्वाधार निर्माणका कार्य गर्ने आयोजना वा संस्थाको कार्य बिवरणमा स्थानीय करको व्यवस्था नभएको भनि प्रमाणित कागजात पेश हुन आएमा त्यस्ता निर्माण कार्यमा प्रयोग हुने तोकिएका यातायातका साधनमा मात्र यस्तो शुल्क लिन पाइने छैन ।

८. प्रचलित कानून बमोजिम तिर्नुपर्ने आय कर तथा मू.अ.कर सम्बन्धित फर्मले बुझाउनु पर्नेछ ।

९. शिलबन्दि पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. गाउँ कार्यपालिकाको कार्यालयले पत्राचार गरी ठेक्का स्थगित भएको अवस्थामा बाहेक ठेक्का घाटा भयो भनि कुनैपनि कारण (हडताल, नेपाल बन्द, बाढी पहिरो, अन्य कुनै अवरोध) देखाई मिन्हाको दावी गर्न पाइने छैन । कार्यालयको पत्राचारका आधारमा ठेक्का स्थगित भएमा सोहि अनुसार समायोजन गरिनेछ ।

११. उपर्युक्त ठेक्काको प्रतिकूल हुने गरी वा अनुमति नलिई कसैले काम कारवाही गरेको पाइएमा नियमानुसार कारवाही हुनेछ ।

१२. शिलबन्दि पत्र फाराम यो सूचना प्रकाशित भएको ७ औ दिनको कार्यालय समय भित्र खरिद गर्न सकिनेछ । शिलबन्दी दरभाउ पत्र दाखिला सूचना प्रकाशित भएको ८ औं दिनको १२:०० बजे भित्र पेश गरी सक्नु पर्नेछ । पेश हुन आएका शिलबन्दी पत्रहरु तत्कालै गाउँ कार्यपालिकाको सभाहलमा खोलिनेछ । उक्त दिनमा बिदा परेमा सो को भोलिपल्ट तोकिए वमाजिमका कार्य हुनेछन् ।

१३. गाउँ कार्यपालिकाको कार्यालयलाई तिर्न बुझाउन कुनै बक्यौता वा फर्छ्यौट गर्न बाँकी भएमा त्यस्ता फर्महरुलाई प्रतिस्पर्धामा समावेश गरिने छैन ।

१४. स्वीकृत हुने फर्मले बोलपत्र साथ पेश गरेको धरौटी रकम ठेक्का अवधिको अन्तिममा मात्र फिर्ता गरिनेछ ।

१५. यसमा उल्लेख नभएका बिषयमा प्रचलित कानून वमोजिम हुनेछन ।

प्रमुख प्रशासकीय अधिकृत